# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति : २०७२/०८/१०

## प्रेस विज्ञप्ति ।

देशमा पर्याप्त रोजगारीका अवसरहरु नभएको वर्तमान अवस्थामा नेपाली कामदारहरुले वैदेशिक रोजगारीको माध्यमबाट एकातर्फ उनीहरुको आर्थिक अवस्थामा सुधार गर्ने मौका पाएका छन् भने अर्को तर्फ विप्रेषणको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा समेत ठुलो टेवा पुगेको छ। यति हुँदाहुँदै पनि वैदेशिक रोजगारमा जाने कामदारहरुले विदेशमा जाने प्रारम्भिक अवस्थादेखि विदेशबाट फर्केपछि पनि विभिन्न समस्याहरु झेल्नु परेको विषयहरुमा आयोगमा पर्ने उजुरीहरु र विभिन्न संचार माध्यमहरुमा प्रकाशित समाचारहरु प्रति आयोगको गम्भीर ध्यानाकर्षण भयो। आयोगबाट तालिमको सिलशिलामा कतार, मलेसिया र सिंगापुरमा गएको टोलिलाई बैदेशिक रोजगारीमा गएका नेपालीहरुले बिदेशमा भोग्नु परेका समस्याहरुको समेत स्थलगत अध्ययन गरी समस्या समाधानको लागि सुझाव पेश गर्ने जिम्मेवारी दिईएको थियो। सो टोलीको प्रतिवेदन, आयोगमा परेका उजुरी एवं गुनासाहरु र सरोकारवाला निकायहरुसँग समस्या समाधानका जटिलता एवं कार्यान्वयन पक्षको बिषयमा पटकपटक भएको छलफलका आधारमा आयोगले वैदेशिक रोजगारको सिलशिलामा देखा परेका समस्याहरु पहिचान गरी ति समस्याहरु समाधान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ वमोजिम सम्बन्धित निकायहरुलाई निम्न बिषयहरुमा सुझावहरु दिएको छ। आयोगले सुझाव दिएका निकायहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; गृह मन्त्रालय; अर्थ मन्त्रालय; परराष्ट्र मन्त्रालय; श्रम तथा रोजगार मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय; शिक्षा मन्त्रालय; उद्योग मन्त्रालय; कृषि बिकास मन्त्रालय; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय; सम्बन्धित राजदूतावासहरु; अध्यागमन विभाग; बैदेशिक रोजगार बिभाग; बैदेशिक रोजगार प्रवर्द्धन बोर्ड; केद्रिय अनुसन्धान व्यूरो; नेपाल राष्ट्र बैंक; CTEVT/व्यवसायिक तथा सीप बिकास तालिम केन्द्र एवं कुटनितिक नियोगहरु रहेका छन्। ती सुझावहरुको विस्तृत विवरण आयोगको Website:http://ciaa.gov.np/ मा हेर्न सकिने छ।

**सुझाव दिएका मुख्य बिषयहरु**

१. बिद्यमान कानूनी व्यवस्थाहरुको कार्यान्वयन

२. नीतिगत सुधार

३. कानूनी सुधार
४. संस्थागत एवं संरचनागत सुधार
५. कुटनीतिक कार्य
६. कर्मचारी व्यवस्थापनमा सुधार
७. श्रमिकहरुको क्षमता अधिवृद्धि

प्रस्तुत सुझावहरु कार्यान्वयन गर्न अन्तरनिकाय समन्वय र अन्य सहयोगको आवश्यकता हुने भएकोले सो कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने कुरा पनि सुझावमा उल्लेख गरिएको छ। साथै, वैदेशिक रोजगारीमा जाने नेपाली दाजुभाईहरुले भोग्नु परेका समस्याहरुको सम्बन्धमा र यी सुझावहरुको कार्यान्वयन अवस्था (Status) को सम्बन्धमा आयोगले सम्बन्धित निकायहरुसँग निरन्तर छलफल गर्ने, जानकारी लिने र अनुगमन गर्ने भएको छ।